कार्यपालिका बैठक संख्या :- ५९
बैठक मिति :- २०७६।०४।३२

## निर्णय नं. १

यस इटहरी उपमहानगरपालिकाको आ.ब. २०७६।०७७ को लागि नगर दररेट निर्धारणका लागि देहाय बमोजिमको एक समिति गठन गर्ने निर्णय गरियो ।

### देहाय

१. संयोजक :- प्रमुख प्रशासकीय अधिकृत श्री केशव प्रसाद विमली
२. सदस्य :- उपसचिव श्री नवराज नेपाल
३. सदस्य :- बरिष्ठ इन्जिनियर श्री अर्जुन कुमार दाहाल
४. सदस्य :- अधिकृत श्री राजेन्द्र धिमाल
५. सदस्य :- उद्योग वाणिज्य संघ, इटहरी प्रतिनिधि
६. सदस्य :- निर्माण व्यवसायी संघ, इनरुवा प्रतिनिधि
७. सदस्य सचिव :- इन्जिनियर अरुणभक्त राजलवट

## निर्णय नं. २

मिति २०७६।०४।१२ को कार्यपालिकाको बैठकबाट बुढीखोला सेहरा खोलाको ढुंगा, गिट्टी, मिक्सगिट्टी, बालुवा, माटो, भरौटको करको दररेट सम्बन्धमा प्रदेश नं. १ को आर्थिक ऐन, २०७६ मा भएको दररेट अनुसार संकलन कर र विक्रीकर छुट्टा छुट्टै संकलन गरी कर असुल गर्ने गरी निर्णय भई सोही अनुसार सूचना प्रकाशन भएकोमा संकलन कर र विक्रीकर दुवै करलाई एकमुष्ठ रुपमा असुल गर्दा गत सालको कर भन्दा अत्याधिक कर बृद्धि भई निर्माण कार्यमा अत्याधिक लागत बढ्न जाने भएकोले तथा विगत देखिनै यस क्षेत्रमा विक्रीकर मात्र लिईदै आएकोले प्रदेश नं. १ बाट निर्धारण भएको निम्न बमोजिमको विक्रीकर असुल गर्ने र आ.ब. २०७६।०७७ को लागि ठेक्का नं. २०/०७६/०७७ आन्तरिक आय ढुंगा, गिट्टी, बालुवा, मिक्सगिट्टी, भरौट, माटो कर ठेक्का सम्बन्धी आन्तरिक आय ठेक्काको मिति २०७६।०४।२४ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्रको सूचना रद्द गरी निम्न बमोजिमको विक्रीकर असुल गर्ने गरी सो ठेक्काको पुन: बोलपत्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**विक्रीकरको दर**

| सि.नं | विवरण | विक्रीकर दर रु. प्रतिघन फिट | कैफियत |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, मिक्सगिट्टी, ग्राभेल | ४ | |
| २ | बालुवा | ३ | |
| ३ | माटो (भरौट र बलौटे) | २।५० | |

## निर्णय नं. ३

इटहरी उपमहानगरपालिका द्वारा आ.ब.०७६।०७७ का लागि आर्थिक ऐन २०७५ को दफा २१ तथा स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ५९ र ६० अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्न सूचना प्रकाशन गरी नियमानुसार प्रकृया अगाडी वढी रहेको अवस्थामा आर्थिक ऐन, २०७६ मा कबोल गरेको सम्पूर्ण रकम अग्रीम जम्मा गरि ठेक्का संचालन गर्न चाहने ठेकेदारलाई १० प्रतिशत छुट सम्बन्धी व्यवस्था स्पष्ट नभएको तथा विगत बर्षमा कबोल रकममा सम्पूर्ण रकम अग्रीम जम्मा गर्नेलाई १० प्रतिशत छुटको व्यवस्था गरी ठेक्का सम्झौता गर्ने गरिएकोमा चालु आ.ब.मा समेत सोही अनुरुप आन्तरिक आय तर्फको सबै

नवराज नेपाल
उपसचिव (लेखा)

ठेक्काहरुमा (सूचना प्रकाशन भई सम्झौता हुन बाँकी रहेका समेत) मा कबोल गरेको सम्पूर्ण एकमुष्ठ रकम सम्झौता गर्नु पूर्व नै अग्रिम नगद दाखिला गरेमा कबोल अंकको १० प्रतिशत रकम घटाई बांकी रकम लिई सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिका द्वारा आ.ब.०७६।०७७ का लागि आर्थिक ऐन २०७५ को दफा २१ तथा स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ५९ र ६० अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्न सूचना प्रकाशन गरी नियमानुसार प्रकृया अगाडी वढी रहेको अवस्थामा चालु आ बं ०७६।०७७ मा विभिन्न कारणले हालको मिति सम्म पनि ठेक्का स्वीकृत हुन नसकेको तर ठेक्का आव्हानको सूचना जारी गर्दा ठेक्का अवधि आ.ब. २०७६।०७७ (२०७६ श्रावण देखि २०७७ असार मसान्त सम्म) हुने उल्लेख भएको हुदा चालु आ.ब.का लागि ठेक्का स्वीकृत भई सम्झौता भएको मिति भन्दा अगाडीको अवधि (आ.ब.२०७६।०७७ मा सम्झौता भन्दा अगाडी ठेकेदारले संकलन नगरेको अवधिको कर, दस्तुर, शुल्क) को हकमा सकार गरेको ठेक्काको कुल अंकलाई १२ महिनाको ठेक्का अंक मानि सोही अनुसार सम्झौता भन्दा अगाडीको अवधिको दामासाहीले हुन आउने रकम घटाई बांकी रकम लिई ठेक्का सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

आ.ब. २०७६।०७७ का लागि आन्तरिक आय तर्फको सवारी पार्किङ्ग सरसफाई शुल्क सम्बन्धी ठेक्कामा मिति २०७६।०३।०५ मा नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये सबै भन्दा बढी अंक रु.८०,२५,१११।- (असी लाख पच्चिस हजार एक सय एघार) कबोल गर्ने श्री पाथिभरा कन्ट्रक्सन इटहरी ५ को बोलपत्र न्यूनतम अंक भन्दा बढी तथा सारभूत रुपमा प्रभावग्राही भएकोले निर्णयका लागि मुल्यांकन समिति र कार्यालयको सिफारीस भई आएकोले सोही अनुसार नै श्री पाथिभरा कन्ट्रक्सन इटहरी ५ को बोलपत्र स्वीकृत गरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

इटहरी उपमहानगरपालिका द्वारा आ.ब.०७६।०७७ का लागि आर्थिक ऐन २०७५ को दफा २१ तथा स्थानीय रारकार सन्चालन ऐन २०७४ को दफा ५९ र ६० अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्न मिति २०७६।०४।०७ मा प्रकाशित सूचना अनुसार पर्न आएका दरभाउपत्र मध्ये सबै भन्दा बढी अंक कबोल गर्ने निंम्न बमोजिमका दरभाउपत्र दाताहरुको कबोल अंक न्यूनतम अंक भन्दा बढी तथा सारभूत रुपमा प्रभावग्राही भएकोले निर्णयका लागि मुल्यांकन समिति र कार्यालयको सिफारीस अनुसार स्वीकृत गरी सम्झौता गर्ने निर्णय गरियो ।

| सिन | ठे नं | ठेक्का को नाम | ठेक्का अवधि | न्युनतम अंक | कबोलेको अंक | सबैभन्दा बढी अंक कबोल गर्ने फर्मको नाम |
|---|---|---|---|---|---|---|
| १ | ४ | साप्ताहिक शनिवारे हाटकर वडा नं ११,१२ खनार | एक वर्ष | १७,९७,४००। | २३,५०,०००। | श्री सर्वे ट्रेडर्स इटहरी ८ |
| २ | ७ | साप्ताहिक मंगलबारे, शनिवारेहाटकर जनता वस्ती वडा नं. ५ | एक वर्ष | ४,८९,६२२। | ४,९००००। | श्री न्यू कोशी कन्स्ट्रक्सन बकलौरी ७ |
| ३ | ८ | दैनिक गुद्रीहाट र सोमवारे, | एक | ५,५१,१००। | ७,५०,०००। | श्री ग्लोबल सप्लायर्स |

नवराज नेपाल
उपसचिव (लेखा)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बुधवारे हाट कर वडा नं १२ खनार | वर्ष | | | इटहरी २० |
| ४ | ९ | साप्ताहिक सोमबारे विहिवारे हाट तरहरा वडा नं. २० | एक वर्ष | ५,४५,०५१। | ५,५०,०००। | श्री फुर्साङ्ग सप्लायर्स इटहरी २० |
| ५ | ११ | लवीपुर विहिवारे हाटकर वडा नं. १७ | एक वर्ष | १,००,०००। | १,००२००। | श्री न्यू कोशी कन्स्ट्रक्सन बकलौरी ७ |
| ६ | १२ | बालग्राम चोक मंगलवारे हाटकर वडा नं. १७ | एक वर्ष | १,००,०००। | १,००५००। | श्री नमु निर्माण- सेवा इटहरी ६ |
| ७ | १३ | आंपगाछी सोमवारे र विहिवारे हाटकर वडा नं. १ | एक वर्ष | १,५०,०००। | १,७०,०००। | श्री छिन्ताङ्गदेवी कन्स्ट्रक्सन इटहरी ६ |
| ८ | १५ | कान्छिचोक शुक्रवारे हाटकर वडा नं. १७ | एक वर्ष | १,००,०००। | १,००२००। | श्री न्यू कोशी कन्स्ट्रक्सन बकलौरी ७ |

**निर्णय नं. ७**

आ.ब. २०७६।०७७ का लागि देहाय बमोजिमको पार्किङ्ग स्थलहरु कायम गरी सवारी पार्किङ्ग शुल्क संकलन गर्ने गरी ठेक्का सम्झौता गर्ने निर्णय गरियो ।

(क) बोलपत्रको सूचनामा उल्लेख भएका स्थानहरु : बसपार्क, वसपार्क प्रवेश मार्ग र बसपार्कबाट निस्कने बाटोहरुमा रोकिएका सवारी साधनहरु ।

(ख) राष्ट्रिय राजमार्गको क्षेत्रअधिकार (Right of way) बाहेक उपमहानगरपालिकाले निर्माण एवं व्यवस्थापन गरेका पार्किङ्गस्थलहरु ।

(ग) राष्ट्रिय राजमार्ग क्षेत्रअधिकार (Right of way) बाहेक नगरपालिका क्षेत्र भित्रका अन्य सडकहरुमा पार्किङ्ग गरेको सवारी साधनहरु

**निर्णय नं. ८**

"घ" बर्गको निर्माण व्यवसाय इजाजत पत्र दिने सम्बन्धमा व्यवसाय गर्न बनेको नियमावली, २०७५ संशोधन सम्बन्धी छलफल भयो ।

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिकामा रहेको जे.सि.वि., ट्रिपर तथा ट्याक्टर विग्रिएर संचालन हुन नसकेकोले उक्त सवारी साधनहरु मर्मत सम्भार गरी संचालनमा ल्याउन निर्देशन दिने निर्णय गरियो ।

नवराज नेपाल
उपसचिव (लेखा)